आज मिति २०७८ साल चौत्र ०१ गते मंगलबारका दिन विर्तामोड नगरपालिकाको ६९ औं बैठक नगर प्रमुख श्री धुव कुमार शिवाकोटीको अध्यक्षतामा बसि निम्न बमोजिमको उपस्थितिले निम्न विषयमा छलफल गरी निम्न निर्णयहरु गरियो ।

उपस्थिति

नगर प्रमुख : श्री धुव कुमार शिवाकोटी

नगर उप-प्रमुख : श्री पवित्रादेवी महतारा प्रसाई

१ नं. वडा अध्यक्ष : श्री अग्नी प्रसाद पाण्डे

२ नं. वडा अध्यक्ष : श्री नगेन्द्रप्रसाद संग्रौला

३ नं. वडा अध्यक्ष : श्री भोजराज सिटौला

४ नं. वडा अध्यक्ष : श्री कुल प्रसाद संग्रौला

५ नं. का.वा.वडा अध्यक्ष : श्री भागिरथा आचार्य घिमिरे

६ नं. वडा अध्यक्ष : श्री सुर्य प्रसाद कन्दङ्गवा

७ नं. का.वा वडा अध्यक्ष : श्री चन्द्रकला पकुवाल

८ नं. वडा अध्यक्ष : श्री अजय कार्की

९ नं. वडा अध्यक्ष : श्री पवित्रा पाठक

१० नं. वडा अध्यक्ष : श्री दुर्योधन गुरुङ्ग

कार्यपालिका सदस्य : श्री शुरेन राजवंशी

कार्यपालिका सदस्य : श्री द्रौपदि गणेश

कार्यपालिका सदस्य : श्री निता घतानी

कार्यपालिका सदस्य : श्री गिता घिमिरे

कार्यपालिका सदस्य : श्री संगिता शिवा

सचिव : प्रमुख प्रशासकीय अधिकृत श्री विनोद कुमार न्यौपाने

निर्णय नं.१. बिर्तामोड नगरपालिको वडा नं.३ को साविक अनारमनी स्वास्थ्य केन्द्रको नाममा रहेको कि.नं.२६७ को ज.वि. ३५०० वर्ग मि.मा नगर अस्पताल भवन निर्माण गर्ने अत्यावश्यक भई भवनको विस्तृत ईन्जिनियरिङ परियोजना प्रतिवेदन (DPR) संघिय सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा पेश गरिएकोमा उक्त अस्पताल भवन निर्माण गर्न न्युनतम ३८०० वर्ग मिटर जग्गा आवश्यक पर्ने भएको । यस सम्बन्धमा सो प्रस्तावित भवन निर्माण स्थल अनारमनी स्वास्थ्य केन्द्रको नाममा रहको जग्गाको सिमानामा जोडिएको थप ३०० वर्ग मिटर जग्गा आवश्यक भएकोमा यस बिर्तामोड नगरपालिकाको संरक्षणमा रहको अनारमनी देवी गुठी स्थानको नाममा रहेको साविक अनारमनी ५ कि.नं.३६७ को उत्तर सिमानमा जोडिने गरी कि.नं.३६६ कित्ताको दक्षिण तर्फबाट ६० मिटर लम्वाई र ५ मिटर चौडाई गरी जम्मा ३०० वर्गमिटर जग्गा नगर अस्पतालको भवन निर्माण गर्ने प्रयोजनको लागि बिर्तामोड नगरपालिकाले उपयोग गर्ने निर्णय गरियो । साथै उक्त जग्गा उपयोग गरी नगर अस्पतालको भवन निर्माण गर्दा कहीं कतैबाट बाधा विरोध नआउने र स्थानीय समुदायको समेतको सकारत्मक सहयोग रहने बुझिएकोले सोही व्यहोराको सिफारिस संघिय सरकार, श्री स्वस्थ्य तथा जनसंख्या मन्त्रालयमा गरिदिनु हुन झापा जिल्ला प्रशासन कार्यालयमा अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं.२. बिर्तामोड नगरपालिका वडा नं.२ स्थित समृद्ध टोल विकाश सस्थाको कार्यलय भवन निर्माणका लागि जग्गा निशुल्क उपलब्ध गराउने जग्गा दाता गोपाल प्रसाईको नममा दर्ता कायम रहेको साविक चारपाने गा.वि.स.वडा नं.३ हाल बिर्तामोड नगरपालिका वडा नं.२ मा पर्ने कि.नं. ८५८ को ज.वि.०-२-१८ मध्ये ज.वि. ०-०-६ बिर्तामोड नगरपालिकाको नाममा राजिनामा गर्नु पर्ने भएकोले उक्त जग्गा नगरपालिकाको नाममा हुने व्यवस्थाका लागि टोल विकास संस्थाका अध्यक्ष श्री देवि प्रसाद संग्रौलाई प्रतिनिधि तोकी पठाउने भनि निर्णय गरियो ।

निर्णय नं.३. यस नगरपालिकाको कृषि विकास शाखा आ.ब. २०७८/०७९ को साना सिंचाई कार्यकममा विनियोजित रकम भन्दा माग बढी भएको हुँदा ब.शि.नं. २.१ को तरकारी उत्पादन तथा विकि केन्द्र निर्माणबाट रु. ३,६०,०००। ब.शि.नं. २.२ को प्लाष्टिक क्यारेट खरिदबाट रु. २,००,०००। ब.शि.नं. २.३ को खुद्रा विकि केन्द्रहरुलाई व्यवश्थापन सहयोगबाट रु. २,८०,०००। ब.शि.नं. ३.९ को समस्यामा आधारित तालिमबाट रु. १,००,०००। ब.शि.नं. ३.१२ को तरकारी नमुना संकलन तथा विषादि अवशेष परिक्षणबाट रु. ८०,०००। र ब.शि.नं. ४.२ को कृषि चुनमा सहयोग कार्यकमबाट रु. १,६०,०००। ब.शि.नं. ४.११ को उत्कृष्ट कृषक पुरस्कारबाट रु. १,००,०००। गरि जम्मा रु. १२,८०,०००। संशोधन गरि रकमान्तर गर्ने निर्णय गरियो । यसैगरि व्यवसायिक आलु उत्पादन कार्यकममा विनियोजित रकम भन्दा कृषकहरुको माग बढी भएको हुँदा आलुको विउको रकम भुक्तानीका लागि ब.शि.नं. २.३ को खुद्रा बिकि केन्द्रहरुलाई व्यवश्थापन सहयोग कार्यकमबाट रु. ४,२०,०००। संशोधन गरि रकमान्तर गर्ने निर्णय गरियो । व्यवसायिक कृषकहरुलाई बर्खे तरकारीको विउ वितरण गर्न ब.शि.नं. ३.२ को कृषि प्रविधि प्रदर्शनबाट रु. ३,५०,०००। र ब.शि.नं. ३.५ को नर्सरी ट्रे वितरणबाट १,२०,०००। गरि जम्मा ४,७०,०००। संशोधन गरि रकमान्तर गर्ने साथै मकै बाली संरक्षणका लागि सुरक्षित विषादि खरिद गर्न ब.शि.नं. ४.७ को समुहको मागमा आधारित तालिमबाट रु. ४,००,०००। संशोधन गरि रकमान्तर गर्ने र कृषकको माग अनुसार थप राज्माको विउ खरिद गर्न ब.शि.नं. ५.२ को सूर्यमुखि उत्पादन कार्यकमबाट रु. ४९,०००। संशोधन गरि रकमान्तर गर्ने निर्णय गरियो । यसका साथै कृषकहरुलाई मौरीघार खरिद गर्न ५० प्रतिशत अनुदान दिदै आएकोमा साना कृषकहरुलाई ५० प्रतिशत लागत सहभागिता गर्न मुस्किल भएको हुँदा मौरीघार खरिदमा ७५ प्रतिशत लागत अनुदान दिने निर्णय गरियो ।

CamScanner